सूचना १७

# रकम र सरकारी ठेक्का बन्दोवस्त (पहिलो संशोधन) नियमहरु, २०७०

रकम र सरकारी ठेक्का बन्दोवस्त नियमहरु, २०२२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "रकम र सरकारी ठेक्का बन्दोवस्त (पहिलो संशोधन) नियमहरु, २०७०" रहेकोछ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **रकम र सरकारी ठेक्का बन्दोवस्त नियमहरु, २०२२ को नियम ४ मा संशोधन** : रकम र सरकारी ठेक्का बन्दोवस्त नियमहरु, २०२२ (यसपछि "मूल नियमहरु" भनिएको) को नियम ४ मा रहेका "स्थानीय अञ्चलाधीश कार्यालय" भन्ने शब्दहरुको सट्टा "जिल्ला प्रशासन कार्यालय" भन्ने शब्दहरु राखिएका छन् ।

३ **मूल नियमहरुको नियम ७ मा संशोधन:** मूल नियमहरुको नियम ७ को,-

(१) उपनियम (१) मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

(२) उपनियम (२) मा रहेका "स्थानीय पञ्चायतका" भन्ने शब्दहरुको सट्टा "स्थानीय निकायका" भन्ने शब्दहरु राखिएका छन् ।

सूचना १८

# विफर नियन्त्रण (तेस्रो संशोधन) नियमावली, २०७०

विफर नियन्त्रण नियमावली, २०२३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विफर नियन्त्रण ऐन, २०२० को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "विफर नियन्त्रण (तेस्रो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. विफर नियन्त्रण नियमावली, २०२३ मा संशोधन : विफर नियन्त्रण नियमावली,२०२३ मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

## सूचना १९

# खनिज सर्भेक्षण (भत्ता तथा सुविधा) (दोस्रो संशोधन) नियमहरु, २०७०

खनिज सर्भेक्षण (भत्ता तथा सुविधा) नियमहरु, २०२४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "खनिज सर्भेक्षण (भत्ता तथा सुविधा) (दोस्रो संशोधन) नियमहरु, २०७०" रहेकोछ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. खनिज सर्भेक्षण (भत्ता तथा सुविधा) नियमहरु, २०२४ को नियम ५ मा संशोधन : खनिज सर्भेक्षण (भत्ता तथा सुविधा) नियमहरु, २०२४ (यसपछि "मूल नियमहरु" भनिएको) को नियम ५ को खण्ड (ग) मा रहेका "आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६" भन्ने शब्दहरुको सट्टा "भ्रमण खर्च नियमावली, २०६४" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल नियमहरुमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना २०

## होटल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) (अधिकारी तोक्ने) (पहिलो संशोधन) नियमहरु, २०७०

होटल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) (अधिकारी तोक्ने) नियमहरु, २०२४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

होटल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) (अधिकारी तोक्ने) (पहिलो संशोधन) नियमहरु, २०७०" रहेकोछ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) (अधिकारी तोक्ने) नियमहरु, २०२४ को नियम २ मा संशोधन** : होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) (अधिकारी तोक्ने) नियमहरु, २०२४ को नियम २ मा रहेका "स्थानीय अञ्चलाधीशलाई" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई" भन्ने शब्दहरु राखिएका छन् ।

सूचना २१

## गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) (दोस्रो संशोधन) नियमहरू, २०७०

गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमहरू, २०२४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) (दोस्रो संशोधन) नियमहरू, २०७०" रहेकोछ।

(२) यी नियमहरू तुरून्त प्रारम्भ हुनेछन्।

२. **गैर सैनिक हवाई उडान (दुर्घटना जाच) नियमहरू, २०२४ को नियम १९ मा संशोधन** : गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमहरू, २०२४ (यसपछि "मूल नियमहरु" भनिएको) को नियम १९ को ठाउँ ठाउँमा रहेको "अधिराज्यमा" भन्ने शब्दको सट्टा "नेपालमा" भन्ने शब्द राखिएकोछ।

३. मूल नियमहरुको ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ।

## सूचना २२

## गैर सरकारी व्यक्तिहरुलाई क्षतिपूर्ति दिने (दोस्रो संशोधन) नियमहरु, २०७०

गैर सरकारी व्यक्तिहरुलाई क्षतिपूर्ति दिने नियमहरु, २०२४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "गैर सरकारी व्यक्तिहरुलाई क्षतिपूर्ति दिने (दोस्रो संशोधन) नियमहरु, २०७०" रहेकोछ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन्।

२. **गैर सरकारी व्यक्तिहरुलाई क्षतिपूर्ति दिने नियमहरु, २०२४ को नियम ४ मा संशोधन** : गैर सरकारी व्यक्तिहरुलाई क्षतिपूर्ति दिने नियमहरु, २०२४ (यसपछि "मूल नियमहरु" भनिएको) को नियम ४ को उपनियम (१) को,-

(१) खण्ड (१) मा रहेको "अञ्चलाधीश" भन्ने शब्दको सट्टा "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरु राखिएका छन्।



०७ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (२) मा रहेका "जिल्ला प्रमुख अधिकारी वा सहायक अञ्चलाधीश" भन्ने शब्दहरुको सट्टा "सहायक प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल नियमहरुको नियम ५ मा संशोधन** : मूल नियमहरुको नियम ५ को खण्ड (३) मा रहेका "निजामती सेवा नियमावली, २०२१ को नियम ७.७ र ८ मा गरिएको श्रेणी अनुसारको पटके उपदान र उपचार खर्चको अनुपातलाई ध्यानमा राखी" भन्ने शब्दहरु झिकिएका छन् ।

४. **रुपान्तर** : मूल नियमहरुको ठाउँ ठाउँमा रहेका "अञ्चलाधीश कार्यालय" भन्ने शब्दहरुको सट्टा "जिल्ला प्रशासन कार्यालय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएकोछ ।

## सूचना २३

# नेपाल मेडिकल काउन्सिल (चौंथो संशोधन) नियमावली, २०७०

नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "नेपाल मेडिकल काउन्सिल (चौंथो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ मा संशोधन** : नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ को ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना २४

# राप्तीदून विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था (तेस्रो संशोधन) नियमहरु, २०७०

राप्तीदून विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था नियमहरु, २०२४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राप्तीदून विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था ऐन, २०२४ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "राप्तीदून विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था (तेस्रो संशोधन) नियमहरु, २०७०" रहेकोछ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **राप्तीदून विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था नियमहरु, २०२४ मा संशोधन :** राप्तीदून विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था नियमहरु, २०२४ को ठाउँ ठाउँमा रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शव्दहरु राखिएका छन् ।

सूचना २५

# करार सेवा (दोस्रो संशोधन) नियमहरु, २०७०

करार सेवा नियमहरु, २०२६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "करार सेवा (दोस्रो संशोधन) नियमहरु, २०७०" रहेकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **करार सेवा नियमहरु, २०२६ को नियम ६ मा संशोधन** : करार सेवा नियमहरु, २०२६ को नियम ६ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछ :-

"(क) करारद्वारा काममा लगाइएका व्यक्तिले प्रचलित कानून बमोजिम निजामती कर्मचारीले पालना गर्नु पर्ने आचरणको पालना गर्नु पर्ने,"

## सूचना २६

## जग्गा प्राप्ति (तेस्रो संशोधन) नियमहरु, २०७०

जग्गा प्राप्ति नियमहरु, २०२६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "जग्गा प्राप्ति (तेस्रो संशोधन) नियमहरु, २०७०" रहेकोछ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **जग्गा प्राप्ति नियमहरु, २०२६ को नियम ३ मा संशोधन** : जग्गा प्राप्ति नियमहरु, २०२६ को नियम ३ को उपनियम (२) को खण्ड (क) मा रहेको "अञ्चलाधीश" भन्ने शब्दको सट्टा "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरु राखिएका छन् ।

## सूचना २७

## प्रहरी कर्मचारीको दैनिक तथा भ्रमण भत्ता (दोस्रो संशोधन) नियमहरु, २०७०

प्रहरी कर्मचारीको दैनिक तथा भ्रमण भत्ता नियमहरु, २०२७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "प्रहरी कर्मचारीको दैनिक तथा भ्रमण भत्ता (दोस्रो संशोधन) नियमहरु, २०७०" रहेकोछ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. प्रहरी कर्मचारीको दैनिक तथा भ्रमण भत्ता नियमहरु, २०२७ को नियम ३ मा संशोधन : प्रहरी कर्मचारीको दैनिक तथा भ्रमण भत्ता नियमहरु, २०२७ (यसपछि "मूल नियमहरु" भनिएको) को नियम ३ मा रहेका "दैनिक तथा भ्रमण भत्ता नियमहरु, २०३०" भन्ने शब्दहरुको सट्टा "भ्रमण खर्च नियमावली, २०६४" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल नियमहरुको ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

## सूचना २८

# स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) नियमहरु, २०७०

स्टाण्डर्ड नाप र तौल नियमहरु, २०२७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "स्टाण्डर्ड नाप र तौल (पाूचौं संशोधन) नियमहरु, २०७०" रहेकोछ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. स्टाण्डर्ड नाप र तौल नियमहरु, २०२७ को अनुसूचीमा संशोधन : स्टाण्डर्ड नाप र तौल नियमहरु, २०२७ (यसपछि "मूल नियमहरु" भनिएको) को,-



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) अनुसूची- ४ को खण्ड (१) को उपखण्ड (६) को नोट प्रकरणमा रहेको "श्रीपेच कूदिएको टाँचालाई" भन्ने शब्दहरुको सट्टा "नेपालको निसाना छाप कुँदिएको टाँचालाई" भन्ने शब्दहरु राखिएका छन् ।

(२) अनुसूची - ७ मा रहेको "श्रीपेच" भन्ने शब्दको सट्टा "नेपालको निसाना छाप" भन्ने शब्दहरु राखिएका छन् ।

(३) अनुसूची - ११ (क) को खण्ड (५) झिकिएकोछ ।

३. मूल नियमहरुको ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

सूचना २९

## चिठ्ठा (पहिलो संशोधन) नियमावली, २०७०

चिठ्ठा नियमावली, २०२७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

चिठ्ठा ऐन, २०२५ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "चिठ्ठा (पहिलो संशोधन) नियमावली २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. रुपान्तर : चिठ्ठा नियमावली, २०२७ को ठाउँ ठाउँमा रहेका "अञ्चलाधीश", "गृह पञ्चायत मन्त्रालय" र "अञ्चलाधीश कार्यालय" भन्ने शब्दहरुको सट्टा क्रमश: "प्रमुख जिल्ला अधिकारी", "गृह मन्त्रालय" र "जिल्ला प्रशासन कार्यालय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएकोछ ।

सूचना ३०

## सरकारी कागजात धुल्याउने (पहिलो संशोधन) नियमहरु, २०७०

सरकारी कागजात धुल्याउने नियमहरु, २०२७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "सरकारी कागजात धुल्याउने (पहिलो संशोधन) नियमहरु, २०७०" रहेकोछ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **सरकारी कागजात धुल्याउने नियमहरु, २०२७ को अनुसूचीमा संशोधन** : सरकारी कागजात धुल्याउने नियमहरु, २०२७ को,-

(१) अनुसूची-२ को क्रमसङ्ख्या २ मा रहेको "पञ्चायतको" भन्ने शब्दको सट्टा "स्थानीय निकायको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) अनुसूची-६ को क्रमसङ्ख्या २ मा रहेका "श्री ५ को बाहुली निशाना भएको" भन्ने शब्दहरुको सट्टा "तत्काल कायम रहेको राष्ट्र प्रमुखको हैसियतमा काम गर्ने पदाधिकारीबाट हस्ताक्षर भएको" भन्ने शब्दहरु राखिएका छन् ।

सूचना ३१

## हातहतियार खरखजाना (सातौं संशोधन) नियमावली, २०७०

हातहतियार खरखजाना नियमावली, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

हातहतियार खरखजाना ऐन, २०१९ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "हातहतियार खर खजाना (सातौं संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **हातहतियार खरखजाना नियमावली, २०२८ को नियम १९ग. मा संशोधन** : हातहतियार खरखजाना नियमावली, २०२८ (यसपछि "मूल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियमावली" भनिएको) को नियम १९ग. को उपनियम (१) को खण्ड (ख) मा रहेका "शाही नेपाली जङ्गी अड्डा" भन्ने शब्दहरुको सट्टा "जङ्गी अड्डा" भन्ने शब्दहरु राखिएका छन्।

३. **मूल नियमावलीको अनुसूचीमा संशोधन** : मूल नियमावलीको,-

(१) अनुसूची - ५क. र ५ख. को ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ।

(२) अनुसूची - ११क. को ठाउँ ठाउँमा रहेको "अधिराज्यभर" भन्ने शब्दको सट्टा "नेपालभर" भन्ने शब्द राखिएकोछ।

सूचना ३२

## नेपाली पानी जहाज दर्ता (पहिलो संशोधन) नियमावली, २०७०

नेपाली पानी जहाज दर्ता नियमावली, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पानी जहाज दर्ता ऐन, २०२७ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएकोछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "नेपाली पानी जहाज दर्ता (पहिलो संशोधन) नियमावली, २०७०" रहेकोछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **नेपाली पानी जहाज दर्ता नियमावली, २०२८ मा संशोधन** : नेपाली पानी जहाज दर्ता नियमावली, २०२८ को ठाउँ ठाउँमा रहेको "शाही" र "अधिराज्य" भन्ने शब्द झिकिएकोछ।

सूचना ३३

## आकष्मिक कोष (पहिलो संशोधन) नियमावली, २०७०

आकष्मिक कोष नियमावली, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले

आकष्मिक कोष ऐन, २०१६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएकोछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यी नियमहरुको नाम "आकष्मिक कोष (पहिलो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. आकष्मिक कोष नियमावली, २०३१ को नियम २ मा संशोधन : आकष्मिक कोष नियमावली, २०३१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ख) मा रहेका "वा श्री ५ महाराजाधिराजबाट आकष्मिक काम भनी तोकिबक्सेको काम" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारले आकष्मिक काम भनी तोकेको काम" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल नियमावलीको नियम ३ मा संशोधन : मूल नियमावलीको नियम ३ को उपनियम (१) मा रहेका "श्री ५ महाराजाधिराजबाट निकासा बक्सेमा मात्र" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, मन्त्रिपरिषद्ले निकासा दिएमा मात्र" भन्ने शब्दहरु राखिएका छन् ।

४. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ को उपनियम (२) मा रहेका "श्री ५ महाराजाधिराजका हजूरमा जाहेर गरी निकासा भए बमोजिम" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गरी निकासा भए बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

५. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ मा रहेका "नेपालको संविधानको धारा ६६ बमोजिम पूरक विनियोजन ऐनद्वारा" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९८ बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

## सूचना ३४

# खर्क जग्गा राष्ट्रियकरण (पहिलो संशोधन) नियमहरु, २०७०

खर्क जग्गा राष्ट्रियकरण नियमहरु, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



२०७ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "खर्क जग्गा राष्ट्रियकरण (पहिलो संशोधन) नियमहरु, २०७०" रहेकोछ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. खर्क जग्गा राष्ट्रियकरण नियमहरु, २०३३ को नियम ५ मा संशोधन : खर्क जग्गा राष्ट्रियकरण नियमहरु, २०३३ को नियम ५ को खण्ड (ग) झिकिएकोछ ।

## सूचना ३५

## निकासी पैठारी (चौथो संशोधन) नियमहरु, २०७०

निकासी पैठारी नियमहरु, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "निकासी पैठारी (चौथो संशोधन) नियमहरु, २०७०" रहेकोछ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. निकासी पैठारी नियमहरु, २०३४ को नियम ८ मा संशोधन : निकासी पैठारी नियमहरु, २०३४ (यसपछि "मूल नियमहरु" भनिएको) को नियम ८ को उपनियम (७) को सट्टा देहायको उपनियम (७) राखिएकोछ :-

"(७) यी नियमहरुमा अन्यत्र जुनसुकै करा लेखिएको भए तापनि सरकारी कार्यालय तथा भन्सार सुविधा प्राप्त व्यक्तिहरुको नाममा निकासी वा पैठारी इजाजतपत्र जारी गर्दा दरखास्त दस्तुर र इजाजत दस्तुर लाग्ने छैन ।"

३. मूल नियमहरुको नियम १४ मा संशोधन : मूल नियमहरुको नियम १४ को खण्ड (ज) मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना ३६

# औषधि परामर्श परिषद् र औषधि सल्लाहकार समिति गठन (पहिलो संशोधन) नियमावली, २०७०

औषधि परामर्श परिषद् र औषधि सल्लाहकार समिति गठन नियमावली, २०३७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

औषधि ऐन, २०३५ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "औषधि परामर्श परिषद् र औषधि सल्लाहकार समिति गठन (पहिलो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **औषधि परामर्श परिषद् र औषधि सल्लाहकार समिति गठन नियमावली, २०३७ को नियम ३ मा संशोधन**: औषधि परामर्श परिषद् र औषधि सल्लाहकार समिति गठन नियमावली, २०३७ को नियम ३ को खण्ड (छ) मा रहेको "शाही" भन्ने शब्द झिकिएकोछ ।

सूचना ३७

# औषधि दर्ता (दोस्रो संशोधन) नियमावली, २०७०

औषधि दर्ता नियमावली, २०३८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

औषधि ऐन, २०३५ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "औषधि दर्ता (दोस्रो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।



२२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **औषधि दर्ता नियमावली, २०३८ को अनुसूचीमा संशोधन** : औषधि दर्ता नियमावली, २०३८ को अनुसूची-३ मा रहेको “पञ्चायतको” भन्ने शब्दको सट्टा “नगरपालिका/गाउँ विकास समितिको” भन्ने शब्दहरु राखिएका छन् ।

## सूचना ३८

# बोनस (तेस्रो संशोधन) नियमावली, २०७०

बोनस नियमावली, २०३९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बोनस ऐन, २०३० को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम “बोनस (तेस्रो संशोधन) नियमावली, २०७०” रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **बोनस नियमावली, २०३९ को नियम ५ मा संशोधन** : बोनस नियमावली, २०३९ को नियम ५ को उपनियम (१) मा रहेका “कम्पनी ऐन, २०२१” भन्ने शब्दहरुको सट्टा “कम्पनी ऐन, २०६३” भन्ने शब्दहरु राखिएका छन् ।

## सूचना ३९

# नेपाल गुणस्तर (प्रमाण चिन्ह) (दोस्रो संशोधन) नियमावली, २०७०

नेपाल गुणस्तर (प्रमाण चिन्ह) नियमावली, २०४० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम “नेपाल गुणस्तर (प्रमाण चिन्ह) (दोस्रो संशोधन) नियमावली, २०७०” रहेकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>नेपाल गुणस्तर (प्रमाण चिन्ह) नियमावली, २०४० को अनुसूचीमा संशोधन</u> : नेपाल गुणस्तर (प्रमाण चिन्ह) नियमावली, २०४० को अनुसूची - ४ मा रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरु राखिएका छन्।

## सूचना ४०

# कार्यालय स्थापना गर्ने सम्बन्धी (पहिलो संशोधन) नियमहरु, २०७०

कार्यालय स्थापना गर्ने सम्बन्धी नियमहरु, २०४० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरुको नाम "कार्यालय स्थापना गर्ने सम्बन्धी (पहिलो संशोधन) नियमहरु, २०७०" रहेकोछ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन्।

२. <u>कार्यालय स्थापना गर्ने सम्बन्धी नियमहरु, २०४० को नियम २ मा संशोधन</u> : कार्यालय स्थापना गर्ने सम्बन्धी नियमहरु, २०४० को नियम २ को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "गाउँ वा नगर पञ्चायतको सिमानालाई" भन्ने शब्दहरुको सट्टा "गाउँ विकास समिति वा नगरपालिकाको सिमानालाई" भन्ने शब्दहरु राखिएका छन्।

## सूचना ४१

# पेट्रोलियम (चौथो संशोधन) नियमावली, २०७०

पेट्रोलियम नियमावली, २०४१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल पेट्रोलियम ऐन, २०४० को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "पेट्रोलियम (चौथो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. पेट्रोलियम नियमावली, २०४१ को अनुसूचीमा संशोधन : पेट्रोलियम नियमावली, २०४१ को अनुसूची - २ को,-

(१) दफा ४० मा रहेका "आयकर ऐन, २०३१" भन्ने शब्दहरुको सट्टा "आयकर ऐन, २०५८" भन्ने शब्दहरु राखी रुपान्तर गरिएकोछ ।

(२) दफा ५५ मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

सूचना ४२

## राष्ट्रिय प्रकृति संरक्षण कोष (दोस्रो संशोधन) नियमावली, २०७०

राष्ट्रिय प्रकृति संरक्षण कोष नियमावली, २०४१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "राष्ट्रिय प्रकृति संरक्षण कोष (दोस्रो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय प्रकृति संरक्षण कोष नियमावली, २०४१ को नियम १९ मा संशोधन : राष्ट्रिय प्रकृति संरक्षण कोष नियमावली, २०४१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १९ मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम २० मा संशोधन : मूल नियमावलीको नियम २० को उपनियम (३) मा रहेका "शाही नेपाली राजदूतावास" भन्ने शब्दहरुको सट्टा "नेपाली राजदूतवास" भन्ने शब्दहरु राखिएका छन् ।

सूचना ४३

## पेट्रोलियम उद्योग (आयकर) (पहिलो संशोधन) नियमावली, २०७०

पेट्रोलियम उद्योग (आयकर) निमायवली, २०४१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आयकर ऐन, २०५८ को दफा १३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "पेट्रोलियम उद्योग (आयकर) (पहिलो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. रुपान्तर : पेट्रोलियम उद्योग (आयकर) निमायवली, २०४१ को ठाउँ ठाउँमा रहेका "आयकर ऐन, २०३१" भन्ने शब्दहरुको सट्टा "आयकर ऐन, २०५८" भन्ने शब्दहरु राखिएका छन् ।

सूचना ४४

## लेख्य प्रमाणक (पहिलो संशोधन) नियमावली, २०७०

लेख्य प्रमाणक नियमावली, २०४१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "लेख्य प्रमाणक (पहिलो संशोधन) नियमावली, २०७०" रहेकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **लेख्य प्रमाणक नियमावली, २०४१ को नियम ३ मा संशोधन :** लेख्य प्रमाणक नियमावली, २०४१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को खण्ड (ख) मा रहेका "कानून व्यवसायी ऐन, २०२५" भन्ने शब्दहरुको सट्टा "नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५०" भन्ने शब्दहरु राखिएका छन् ।

३. **रुपान्तर :** मूल नियमावलीको अनुसूचीहरुमा रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "गाउँ विकास समिति/नगरपालिका" भन्ने शब्दहरु राखी रुपान्तर गरिएकोछ ।

## सूचना ४५

# दाना पदार्थ (पहिलो संशोधन) नियमावली, २०७०

दाना पदार्थ नियमावली, २०४१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दाना पदार्थ ऐन, २०३३ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरूको नाम "दाना पदार्थ (पहिलो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **दाना पदार्थ नियमावली, २०४१ मा संशोधन :** दाना पदार्थ नियमावली, २०४१ को,-

(१) नियम ८ को खण्ड (घ) मा रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँ ठाउँमा रहेका "गाउँ वा नगर पञ्चायत" भन्ने शब्दहरुको सट्टा "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरु राखिएका छन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना ४६

## भू तथा जलाधार संरक्षण (पहिलो संशोधन) नियमावली, २०७०

भू तथा जलाधार संरक्षण नियमावली, २०४२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "भू तथा जलाधार संरक्षण (पहिलो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **भू तथा जलाधार संरक्षण नियमावली, २०४२ को नियम ३ मा संशोधन :** भू तथा जलाधार संरक्षण नियमावली, २०४२ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को उपनियम (१) मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

३. **रुपान्तर :** मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "गाउँ वा नगर र जिल्ला पञ्चायत कार्यालयमा" भन्ने शब्दहरुको सट्टा "गाउँ विकास समिति वा नगरपालिका र जिल्ला विकास समितिको कार्यालयमा" भन्ने शब्दहरु राखी रुपान्तर गरिएकोछ ।

सूचना ४७

## हवाई सुरक्षा (व्यवस्था) (चौथो संशोधन) नियमावली, २०७०

हवाई सुरक्षा (व्यवस्था) नियमावली, २०४६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएकोछ ।



32 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१.१ **संक्षिप्त नाम र प्रारम्भ** :

१.१.१ यी नियमहरूको नाम "हवाई सुरक्षा (व्यवस्था) (चौथो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

१.१.२ यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

१.२ **हवाई सुरक्षा (व्यवस्था) नियमावली, २०४६ को नियम २.१ मा संशोधन** : हवाई सुरक्षा (व्यवस्था) नियमावली, २०४६ को नियम २.१ को उपनियम २.१.१ को खण्ड २.१.१.९ मा रहेको "शाही" भन्ने शब्द झिकिएकोछ ।

### सूचना ४८

## फोहर मैला (प्रबन्ध तथा स्रोत परिचालन) (पहिलो संशोधन) नियमावली, २०७०

फोहर मैला (प्रबन्ध तथा स्रोत परिचालन) नियमावली, २०४६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

फोहर मैला (प्रबन्ध तथा स्रोत परिचालन) ऐन, २०४४ को दफा ७.६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "फोहर मैला (प्रबन्ध तथा स्रोत परिचालन) (पहिलो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **फोहर मैला (प्रबन्ध तथा स्रोत परिचालन) नियमावली, २०४६ मा संशोधन** : फोहर मैला (प्रबन्ध तथा स्रोत परिचालन) नियमावली, २०४६ को ठाउँ ठाउँमा रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शव्दहरु राखिएका छन् ।

### सूचना ४९

## बीमा (तेस्रो संशोधन) नियमावली, २०७०

बीमा नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बीमा ऐन, २०४९ को दफा ४७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "बीमा (तेस्रो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. बीमा नियमावली, २०४९ मा संशोधन : बीमा नियमावली, २०४९ को ठाउू ठाउूमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

सूचना ५०

## प्रहरी (सत्रौं संशोधन) नियमावली, २०७०

प्रहरी नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "प्रहरी (सत्रौं संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रहरी नियमावली, २०४९ को नियम २६ मा संशोधन : प्रहरी नियमावली, २०४९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २६ को खण्ड (ङ) मा रहेका "श्री ५ महाराजाधिराजबाट प्रदान गरिवक्सेका" भन्ने शब्दहरुको सट्टा "राष्ट्र प्रमुखबाट प्रदान गरिएका" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल नियमावलीको नियम ३५ मा संशोधन : मूल नियमावलीको नियम ३५ को खण्ड (त) झिकिएकोछ ।

४. मूल नियमावलीको नियम ५७ मा संशोधन : मूल नियमावलीको नियम ५७ को उपनियम (३) झिकिएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **मूल नियमावलीको नियम १०४ मा संशोधन** : मूल नियमावलीको नियम १०४ को उपनियम (७) को खण्ड (ख) मा रहेका "वीरेन्द्र प्रहरी अस्पताल" भन्ने शब्दहरुको सट्टा "नेपाल प्रहरी अस्पताल" भन्ने शब्दहरु राखिएका छन् ।

६. मूल नियमावलीको ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

सूचना ५१

## सहकारी (पहिलो संशोधन) नियमावली, २०७०

सहकारी नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सहकारी ऐन, २०४८ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "सहकारी (पहिलो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सहकारी नियमावली, २०४९ मा संशोधन** : सहकारी नियमावली, २०४९ को ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

सूचना ५२

## श्रम (पहिलो संशोधन) नियमावली, २०७०

श्रम नियमावली, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्रम ऐन, २०४८ को दफा ८६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "श्रम (पहिलो संशोधन) नियमावली, २०७०" रहेकोछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **श्रम नियमावली, २०५० को नियम ३४ मा संशोधन** : श्रम नियमावली, २०५० को नियम ३४ को सट्टा देहायको नियम ३४ राखिएकोछः-

"३४. **प्रसूति बिदा** : गर्भवती महिला कामदार वा कर्मचारीले प्रसूतिको अघि वा पछि गरी जम्मा ५२ दिनसम्मको पूरा तलबी प्रसूति बिदा पाउनेछ ।"

**सूचना ५३**

## निजामती सेवा (एघारौं संशोधन) नियमावली, २०७०

निजामती सेवा नियमावली, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "निजामती सेवा (एघारौं संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **निजामती सेवा नियमावली, २०५० को नियम ५९ मा सशोधन** : निजामती सेवा नियमावली, २०५० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५९ को उपनियम (३) झिकिएकोछ ।

३. **मूल नियमावलीको नियम ९४ मा संशोधन** : मूल नियमावलीको नियम ९४ को उपनियम (११) मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

**सूचना ५४**

## जलस्रोत (पहिलो संशोधन) नियमावली, २०७०

जलस्रोत नियमावली, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

जलस्रोत ऐन, २०४९ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।